# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, चैत १४ गते २०५६ साल (संख्या ४९

## भाग ३

श्री ५ को सरकार

### विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

**वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५६**

वैकल्पिक ऊर्जा प्रवर्द्धन, विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधनः वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ को दफा २ को खण्ड (ख) मा रहेका "कोजेनेरेशन तथा" भन्ने शब्दहरू पछि "सुधारिएको चूलो लगायत" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,

पोषणनाथ नेपाल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी काठमाण्डौ महानगरपालिका वडा नं. १२ सिट नं. १०२–११४४–०१ को कि. नं. १२५ क्षेत्रफल ०–४–१–१ जग्गा नेपाल परिवार नियोजन संघ काठमाण्डौ उपत्यका शाखाले दान स्वरूप प्राप्त गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपमा छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९८

श्री ५ को

## स्थानीय विकास म

श्री ५ को सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४ र दफा ६ को
देहाय बमोजिमको चारकिल्ला खोली घ्यारु र डावल गाउँ विकास क्षेत्र तोकी सोही ऐनको द

| क्र.सं. | गाउँ विकास समिति | वडा विभाजन |
|---|---|---|
| १. | घ्यारु | साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. १ लाई टुक्राई वडा ४ र ५ बनाउने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. २ लाई टुक्राई वडा ७ बनाउने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ३ लाई टुक्राई वडा २ बनाउने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ४ लाई टुक्राई वडा र ६ बनाउने । |
| २. | डावल | साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ५ लाई डावल गाउँ समितिको वडा नं. ५ कायम गर्ने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ६ लाई डावल गाउँ समितिको वडा नं. ६ कायम गर्ने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ७ लाई डावल गाउँ समितिको वडा नं. ४ र ७ बनाउने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ८ लाई टुक्राई डावल विकास समितिको वडा नं. १, २ र ३ बनाउने । साविकको घ्यारु गाउँ विकास समितिको वडा नं. ९ लाई टुक्राई डाव विकास समितिको वडा नं. ८ र ९ बनाउने । |

मुद्रण विभाग, सिंहदरब

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।